# सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०६७ प्रस्तुत

सम्माननीय राष्ट्रपतिज्यू समक्ष नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२४ बमोजिम कार्यवाहक महालेखा परीक्षक श्री बद्री बहादुर कार्कीले नेपाल सरकार, सार्वजनिक संस्थान, समिति र अन्य संगठित संस्थाको आर्थिक वर्ष २०६५।६६ को कारोबार र बक्यौता समेतको लेखापरीक्षण गरी सोको वार्षिक प्रतिवेदन, २०६७ सम्माननीय राष्ट्रपति समक्ष २०६७।२।३१ मा पेश गर्नु भएको छ। प्रतिवेदनको संक्षिप्त झलक देहाय वमोजिम छ।

१. **प्रतिवेदन प्रस्तुतीकरण:–** नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम प्रतिवेदनलाई निम्न ४ परिच्छेदमा प्रस्तुत गरिएको छः

परिच्छेद - १ : लेखापरीक्षण गरेका निकायको विवरण,

परिच्छेद - २ : लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति

परिच्छेद - ३ : बेरुजू फछ्र्यौट गर्न गरेका प्रयास र प्राप्त उपलब्धि,

परिच्छेद - ४ : लेखापरीक्षण सम्बन्धमा गर्नुपर्ने सुधार।

२. **लेखापरीक्षण गरिएको निकाय र रकम:**

२.१ सरकारी कार्यालय, संगठित संघ संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिको यस आ.व. २०६५।६६ र बक्यौता हिसाबको लेखापरीक्षण गरिएका विषयहरु निम्नानुसार छन्।

| सि. नं. | निकाय | निकाय (संख्या) | लेखापरीक्षण रकम ( रु. करोडमा) | वेरुजु रकम ( रु. करोडमा) |
|---|---|---|---|---|
| १ | सरकारी कार्यालय | ३५१७ | ३,६८,९१ | १६,७३ |
| २ | संगठित संस्था, समिति र अन्य संस्था | ६०२ | ६,२१,२७ | १,५८* |
| ३ | जिल्ला विकास समिति | ७४ | ३३,१९ | २,५२ |
| | जम्मा | ४१९३ | १०,२३,३७ | २०,८३ |

* संगठित संस्थाको लगती वेरुजु नहुने भएकोले सो समावेश छैन।

२.२ यो वर्ष १४ विषय/निकाय/कार्यक्रमको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ।

२.२ नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय बाल विकास कोष (युनिसेफ) बीच भएको संझौता बमोजिम सन् २००८ मा युनिसेफको वित्तीय सहयोगमा जिल्ला विकास समिति, स्वास्थ्य सेवा विभाग र खानेपानी तथा ढल निकास विभाग मार्फत संचालित १२७ कार्यक्रममा भएको खर्च रु. ३० करोड ८३ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **संवैधानिक निकाय, मन्त्रालय लगायत केन्द्रीय स्तरका ४० निकायहरुमध्ये निम्नानुसार १७ संवैधानिक निकाय/मन्त्रालयमा उल्लेख्य बेरुजू देखिएन।**

१. राष्ट्रपतिको कार्यालय
२. उपराष्ट्रपतिको कार्यालय
३. व्यवस्थापिका संसद सचिवालय
४. सर्वोच्च अदालत
५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग
६. महालेखापरीक्षकको कार्यालय
७. लोकसेवा आयोग

८. निर्वाचन आयोग
९. महान्यायाधिवक्ताको कार्यालय
१०. न्याय परिषद्
११. राष्ट्रिय मानवअधिकार आयोग
१२. कानून न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय
१३. युवा तथा खेलकुद मन्त्रालय
१४. वातावरण मन्त्रालय
१५. विज्ञान तथा प्रविधि मन्त्रालय
१६. राष्ट्रिय योजना आयोगको सचिवालय
१७. राष्ट्रिय सतर्कता केन्द्र ।

## ४. बढी वेरुजु भएका निकायहरुः

४.१ सरकारी कार्यालयहरुको आ.व. २०६५।६६ को लेखापरीक्षणबाट देखिएको बेरुजु रु. १६ अरब ७३ करोड मध्ये वढी बेरुजु हुने प्रमुख ५ निकायहरु निम्नानुसार छन् ।

| क्र.सं. | निकाय | बेरुजु रकम ( रु. करोडमा) | कूल वेरुजुमा प्रतिशत |
|---|---|---|---|
| १ | स्थानीय विकास मन्त्रालय | ४०१ | २३.९७ |
| २ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ३३५ | २०.०२ |
| ३ | अर्थ मन्त्रालय | २७७ | १६.५६ |
| ४ | शिक्षा मन्त्रालय | २५५ | १५.२४ |
| ५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १०५ | ६.२७ |

४.२ संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिको लेखापरीक्षणबाट रु. ४ अरब १० करोड बेरुजु देखिएको छ ।

## ५. अद्यावधिक वेरुजु र कारवाही गर्नुपर्ने रकमः

५.१ सरकारी कार्यालयतर्फ गतवर्ष सम्मको कूल वेरुजु रु. २८ अरब ५१ करोड रहेकोमा यसवर्ष रु. ८ अरब ४४ करोड सम्परीक्षण भई बांकी वेरुजु रु. २० अरब ७ करोडमा यो वर्ष रु. १६ अरब ७३ करोड थप भई कूल बांकी वेरुजु रु. ३६ अरब ८० करोड पुगेको छ ।

५.२ संगठित संस्था, समिति र अन्य संस्था तर्फ गतवर्ष सम्मको कूल वेरुजु रु. २२ अरब २९ करोड रहेकोमा यसवर्ष रु. १ अरब १८ करोड सम्परीक्षण भई बांकी वेरुजु रु. २१ अरब ११ करोडमा यो वर्ष रु. ४ अरब १० करोड थप भई कूल बांकी वेरुजु रु. २५ अरब २१ करोड पुगेको छ ।

५.३ उपर्युक्त वेरुजुका अतिरिक्त लेखापरीक्षण गराउन बांकी बक्यौता, राजश्व बक्यौता, सोधभर्ना लिन बांकी ऋण र अनुदान समेत कारकाही गरी टुङ्गो लगाउनु पर्ने रकम रु. १ खरब, १८ अरब ४० करोड ५२ हजार रहेको छ ।

## ६. लेखापरीक्षण सम्बन्धमा गर्नुपर्ने सुधार अन्तर्गत यस प्रतिवेदनले सुझाएका प्रमुख व्यहोराहरुः

| आन्तरिक सुधार | बाह्य सुधार |
|---|---|
| • मानव संसाधन योजना तयार गर्नुपर्ने<br>• कर्मचारीहरुको क्षमता अभिवृद्धि | • नेपाल सरकारलाई प्राप्त हुने सवै प्रकारका आय सञ्चितकोषमा दालिा हुनुपर्ने |

| | |
|---|---|
| गर्नुपर्ने<br>• उत्प्रेरणा एवं वृति विकासका माध्यमबाट मनोबल उच्च राख्नुपर्ने<br>• लेखापरीक्षण संस्थाको स्वतन्त्रताको प्रत्याभूति गरिनुपर्ने<br>• पद्धति विकासमा विशेष ध्यान दिनुपर्ने<br>• साधन स्रोत र भौतिक पूर्वाधारको उपलव्धता हुनुपर्ने<br>• गुणस्तर आश्वस्तताको अनुगमन गर्नुपर्ने<br>• कार्यमूलक लेखापरीक्षणको क्षेत्र विस्तार गर्नुपर्ने<br>• रणनीतिक योजना कार्यान्यनका लागि स्रोत साधनको व्यवस्था गर्नुपर्ने<br>• संस्थागत नेतृत्व सुनिश्चित गर्नुपर्ने<br>• वैदेशिक सम्बन्ध विस्तारका माध्यमबाट व्यावसायिक दक्षता अभिवृद्धि गर्नुपर्ने । | • नेपाल लेखामानको कार्यान्वयनमा ध्यान दिनुपर्ने<br>• वित्तीय विवरण प्रस्तुति गर्दा सवै कारोवारको चित्रण गरिनुपर्ने<br>• आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने<br>• आन्तरिक लेखापरीक्षणको क्षमता विकास गर्नुपर्ने<br>• अन्तिम लेखापरीक्षणको कार्यक्षेत्र विस्तार गरी सवै सरकारी कारोवारमा लेखापरीक्षणको पहुंच पु–याउनुपर्ने<br>• संगठित संस्थाको लेखापरीक्षण समितिलाई प्रभावकारी बनाउनुपर्ने<br>• लेखापरीक्षण परामर्श माग गर्ने निकायले समयमै परामर्श लिई लेखापरीक्षण गराउनु पर्ने<br>• आयोजना लेखापरीक्षण प्रतिवेदन प्रमाणित गरी समयमै दातृसंस्थालाई उपलव्ध गराउन क्रियाशील हुनपर्ने<br>• कर निर्धारण अवधिभित्र कर पुनरावलोकन हुने व्यवस्था मिलाउने<br>• ऐन नियमले स्पष्ट व्यवस्था अनुसार वेरुजु फछ्र्यौट र सम्परीक्षण कार्य गराउनु पर्ने । |

**५. यो वर्ष शुरु गरिएका लेखापरीक्षण सम्बन्धी थप प्रयासहरु देहाय वमोजिम छन् ।**

- नेपाल सरकारको संचित कोष हिसावको आर्थिक विवरण प्रमाणित गरी राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गरिएको ।

- अर्थ मन्त्रालय (कार्यसंचालनस्तर) को आ.व. २०६५।६६ को लेखापरीक्षणबाट देखिएका व्यहोराहरु उपर प्रतिक्रिया प्राप्त गरी लेखापरीक्षण अन्तिम प्रतिवेदन जारी गरिएको ।

- प्रथमपटक त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आसिकुडा (ASYCUDA) प्रणालीको सूचना प्रविधि लेखापरीक्षण (IT Audit) गरी प्रतिवेदन जारी गरिएको ।

- विश्व बैंकको ऋण व्यवस्थापन सूचकांक (Debt Performance Indicator) को आधारमा नेपालको सार्वजनिक ऋण व्यवस्थापनको मूल्यांकन गरी लेखापरीक्षण प्रतिवेदन जारी गरिएको ।